# कथाकार इन्द्रबहादुर राई र उनको 'खीर' कथा

- मीना बराल[1*]

Mina Baral[1*]

[1*] त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्ज
[*]Email: baralmina788@gmail.com

Article History: Received: *Jan. 01, 2026* Revised: *Feb. 11, 2026* Accepted: *June 01, 2026*

**लेखसार**

प्रस्तुत अनुसन्धानात्मक लेखमा इन्द्रबहादुर राईको खिर कथाको विश्लेषण गरिएको छ। खिर कथा राईको कथास्था कथासङ्ग्रहमा सङ्गृहीत चर्चित र लोकप्रिय कथा हो। प्रवासी नेपालीहरुका कथाव्यथालाई आफ्ना कथाको विषयवस्तु बनाउने कथाकार राईले यस कथामा दार्जिलिङकै परिवेशमा आधारित नेपाली जनजीवनका यथार्थ एवं सङ्घर्षलाई मार्मिक रुपमा प्रस्तुत गरेका छन्। आयामेली आन्दोलनका सक्रिय स्रष्टा राईले नेपाली जनजीवनका सङ्घर्ष र दिन खोजेको सन्देशलाई यथार्थपरक रुपमा कसरी दिएका छन् भन्ने कुराको अध्ययन गरी जीवनको गहिराईसम्म पुगेर निष्कर्ष निकालिएको छ। यस आलेखमा जीवनलाई सम्पूर्णतामा हेर्दै जीवन पनि एउटा मजदुर ज्यामीले पकाएको खिरजस्तै रहेको निष्कर्ष प्रस्तुत गरिएको छ।

**शब्दकुञ्जी :** घनत्व, वस्तुता, सम्पूर्णता, खिर, चिद्‌वैषम्य।

## विषयपरिचय

इन्द्रबहादुर राईको जन्म भारतको दार्जिलिङको बालसन चियाबारीमा वि.सं. १९८४ माघ १७ गते भएको हो। उनले अङ्ग्रेजी साहित्यमा एम.ए. गरेका छन् प्राय: सबै विधामा कलम चलाउने राई बौद्धिकताका धनी व्यक्ति हुन्। नेपालीहरुले प्रवासमा भोग्नु परेका पीडालाई कथा मार्फत व्यक्त गर्न उनी सफल छन्। उनले सम्पादक पत्रकार र प्राध्यापकका रुपमा समेत काम गरेका छन् साहित्यकारका रुपमा उनी कथाकार, उपन्यासकार र समालोचकका रुपमा पपिरचित छन्। नेपाल बाहिर बसेर नेपाली साहित्यको विकासमा निरन्तर रुपमा साधनारत राईका *विपना कतिपय* (२०१८), *कथास्था* (२०३८), *कठ्पुतलीको मन* (२०४६) गरी तिनवटा कथा सङ्ग्रह प्रकाशित छन्। उनको *आज रमिता छ* (२०२१) एउटा उपन्यास प्रकाशित छ भने *नेपाली उपन्यासका आधारहरु* (२०३०), *टिपेका टिप्पणीहरु* (२०३१) र भानुभक्तसम्बन्धी समालोचनात्मक कृतिलगायत प्रकाशित छन्।

वि.सं. २०१६ सालमा 'रातभरि हुरी चल्यो' कथा लेखेर कथा यात्रा आरम्भ गरेका राई सुरुमा सामाजिक यथार्थवादी कथा लेख्थे भने वि.सं. २०२० सालपछि कथाकार राई आयामेली मान्यता अन्तर्गत रहेर कथा लेख्न थाल्छन्। कथाकार राई आयामेली आन्दोलनका प्रवर्तक मध्ये एक र लिला लेखन्का आरम्भकर्ता हुन्। यसैगरी कथाकार राई वि.सं. २०२९ पछि आयामेली लेखनबाट अझैँ अगाडि बढेर लीलालेखन सिद्धान्त अनुसार कथा लेख्न पुग्छन्। यही मान्यतालाई आत्मसात गरेर उनले 'कठ्पुतलीको मन' कथासङ्ग्रह प्रकाशित गरेका छन्।

यसरी कथाकार इन्द्रबहादुर राईको कथायात्रा निरन्तर परिवर्तित, विकसित र परिपक्व बनेको छ। कथाको विषय र लेखन शैलीमा नवीनताको प्रयोग गर्ने राई प्रयोगवादी धाराका सशक्त कथाकार हुन्। नेपाल बाहिर बसेर नेपाली साहित्य विकासमा निरन्तर रुपमा साधनारत साहित्यकार इन्द्र बहादुर राईको निधन वि.सं. २०७४ फाल्गुण २२ गते दार्जीलिङमा भएको हो। कविता, कथा र उपन्यासमा आयामेली लेखनमा अभ्यस्त कथाका क्षेत्रमा नयाँ शैली र प्रवृत्ति लिएर जीवनका विविध विषयलाई मसिनो गरी प्रस्तुत गर्ने गर्दछन्।

### अध्ययनको उद्देश्य

यस अध्ययनमा इन्द्रबहादुर राईको 'खिर' कथामा मानवजीवनका सङ्घर्ष र आरोहअबरोहहरु केकस्ता छन् र कथाको मूल कथावस्तु, चरित्र, परिवेश आदिसहित कथाको उद्देश्यलाई देखाउने यस अध्ययनको उद्देश्य हो । यसका लागि खिर कथामा व्यक्त कथावस्तु, पात्रहरु, तिनका मनोदशा र परिवेश आदि केकस्ता छन् भन्ने समस्यामा केन्द्रित भई ती पात्रहरुले कस्तो परिवेशबाट केकस्तो सन्देश दिन खाजेका छन् भन्ने उद्देश्य प्राप्तिमा यो अध्ययन केन्द्रित छ ।

### अध्ययनविधि

यो अध्ययन कृतिमा भएका तथ्यहरुको अध्ययनविश्लेषणबाट नयाँ ज्ञानको प्राप्ति गर्ने भएकाले गुणात्मक प्रकृतिको अध्ययन हो । इन्द्रबहादुर राईको 'खिर' कथाको अध्ययनमा मूलतः यस लेखको उद्देश्य पूरा गर्न कथाको विषयवस्तु केकस्तो रुपमा रहेको छ र त्यसले के सन्देश दिएको छ भन्ने समस्या समाधानका लागि *कथास्था* कथासङ्ग्रहको 'खिर' कथालाई विश्लेषणको मूल आधार बनाइएकोले यो कथालाई प्राथमिक स्रोतका रुपमा लिइएको छ भने कथासित सम्बन्धित सैद्धान्दिक अवधारणाका लागि कथाको सिद्धान्त र खिर कथाको विश्लेषण गरिएका सामग्रीहरुलाई द्वितीय सामग्रीको रुपमा लिइएको छ ।

उपर्युक्त सामग्रीसङ्कलन गर्न पुस्तकालयलाई प्रयोग गरिएको छ र प्राप्त सामग्रीको अध्ययन, तथ्याङ्कसङ्कलन र विश्लेषण गरी वर्णनात्मक, व्याख्यात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ ।

### सैद्धान्तिक पर्याधार

कथाविधा पूर्वीय तथा पाश्चात्य साहित्यमा लोकप्रिया विधाका रुपमा रहेको छ । परम्परागत रुपमा अनुभव वा घटना सुनाउने मौखिक परम्पराबाट विकसित हुँदै आएको र लिखित साहित्यमा विशिष्टता हासिल गरी सर्वप्रिय बन्न पुगेको कथालाई एडगर एलेन पोले एकै बसाइमा पढिसकिने रचनाका रुपमा उल्लेख गरेका छन् (थापा, २०४२ : पृ.१५२) । महाकवि लक्ष्मिप्रसाद देवकोटा कथालाई एउटा सानो आँखीझ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ भन्दछन् । गद्यमा लेखिएको आख्यानयुक्त प्रबन्धकाव्यको यथासक्य छोटो रुप कथा, कहानी वा गल्प हो (पराजुली र अन्य, २०४० : पृ.१९१) । भारतीय साहित्यकार सूर्यप्रसादले कथासौन्दर्यको झलक चित्रण गर्दै पाठक वर्गमा सहानुभूति जन्माउँछ भनेका छन् (सिंह, सन् १९८५ : पृ. ३३२) । दयाराम श्रेष्ठ र महोनराज शर्माले प्राचीन समयका *रामायण महाभारत*का कथाहरु पञ्चन्त्रका कथाहरु मनोरन्जनात्मक नीतिपरक उपदेशात्मक रहेको उल्लेख गरेका छन् (श्रेष्ठ र शर्मा, २०४० : पृ. ७९) । हिन्दी साहित्यका समालोचक योगेन्द्र कुमार मल्लिक पनि कथावस्तु, चरित्रचित्रण, संवाद, देश, काल, वातावरणलाई कथाका तत्त्व हुन् भन्दछन् (सुमन र मल्लिक, सन् १९८८ : पृ. २१२) । कथामा कथावस्तु, पात्र, परिवेश, भाषाशैली, दृष्टिविन्दु एवं उद्देश्य छ वटा तत्त्वहरु हुन्छन् । यी छ वटा तत्त्वबाट एउटा कथा पूर्ण हुन्छ । कथालाई आख्यानात्मक विधाका रुपमा लिइन्छ । कथाका विषयवस्तुहरु प्रसिद्ध, उत्पाद्य र मिश्रित हुन्छन् । अर्को रुपमा भन्दा सामाजिक, मनोवैज्ञानिक, ऐतिहासिक, पौराणिक, यथार्थवादी, आदर्शवादी, विसङ्गतिवादीजस्ता विषय क्षेत्रबाट विषयहरु लिएर कथा सिर्जना गर्न सकिन्छ । कथाको महत्त्वपूर्ण आधार कथानक हो । कथानकलाई डोर्‍याउने पात्रहरु महत्त्वपूर्ण हुन्छन् र घटनाको अवस्था, समय आदिलाई बुझाउने परिवेश र यी तत्त्वहरुलाई प्रस्तुत गर्ने भाषाशैलीले विशिष्ट रुपमा उद्देश्यमूलक बनाउँदै कथाको प्रस्तुति हुन्छ । हिमांशु थापाले कथावस्तु, पात्र, संवाद, भाषाशैली, वातावरण र उद्देश्यलाई कथाको तत्त्व उल्लेख गरेका छन् ।

### छलफल र विश्लेषण

इन्द्रबहादुर राईको 'खिर' कथालाई कथाका तत्त्वका आधारमा निम्नानुसार अध्ययन गरिएको छ :

### कथानक

खिर कथाको अध्ययन गरी कथावस्तु आरम्भ, यत्न, प्राप्त्याशा, नियताप्ति र फलागमका आधारमा छुट्टाछुट्टै यहाँ उल्लेख गरिएको छ :

आरम्भ : पूर्वस्मृति टिस्टा बगेको आबाज कथामा सुनेको मान्छेले भनेकोबाट खिर कथाको कथावस्तुको प्रारम्भ भएको छ । यसलाई बिजविन्दु भन्न सकिन्छ ।

यत्न : गान्तोकबाट फर्केको दिन टिस्टाको बास, डाक बङ्गलाको मर्मत हुँदै गरेको घटना बढ्दै, राज, पेन्टर कुल्लीहरुले डेरा बनाएको अधिन अधिन कुरातिर पकाइरहेको अवस्थासम्म कथाको यत्न हो ।

प्राप्त्याशा (चरमोत्कर्ष) : खिर नै खाने भए पछि राम्रै बनाएर खनु पर्छ भन्ने प्रसङ्ग एक पावा दुधलाई दुई सेर दुध चाहिने भन्ने ......आँखा भएको मान्छेको स्वर, टिस्टा जस्तो ठाउँमा चारसेर .......दुधको खिर खाने मिठो खिर खान नुनिया चामल, पिस्ता काजु,किस्मिस लगायत मसलाहरु आवश्यक पर्ने र पकाउने सिप पनि चाहिने प्रसङ्ग र यति धेरै सामग्री जुटाउन खिर खान निम्न वर्गका मान्छेलाई कठिन हुने प्रसङ्ग सहित खिर पाकेको अवस्था प्राप्त्याशा हो ।

नियताप्ति (ह्रास) : कसैलाई गनाएको, कसैलाई दुध मात्र मिठो लागेको, स्वाद फरक फरक भएको अवस्था नियताप्ति हो ।

फलागम : खिर पकाउने तरिका जस्तै जीवन जिउने कला, खिरको सरजाम जस्तै जीवन सुखका विविध पक्ष र खिरको फरकफरक स्वादजस्तै जीवन पनि फरकफरक ढङ्गले जिउनु पर्ने कुरासँगै यथार्थ र आदर्श भिन्न कुरा हुन् भन्ने देखाइएको छ। यथार्थ जीवन टिस्टाजस्तै बाङ्गोटिङ्गो हुँदै आफ्नै अभाव, आशा, निरासा हुँदै जिउनु पर्छ भन्ने सन्देशसँगै खिर कथाको कथावस्तु समाप्त भएको छ ।

## पात्र/चरित्र

खिर आयामेली कथालेखन प्रवृत्तिमा लेखिएको कथा हो । यसमा 'म' पात्रले कथामा चार वर्ष अगाडिको घटनाको पूर्वस्मरण गरेको छ। कथामा बढई, राज, रङ्गवाला र कुल्लीहरुको चर्चा गरिएको छ । आयामेली कथा भएको हुँदा यस कथामा पात्रहरुको प्रयोग प्रयोगधर्मीताको आधारमा गरिएको छ। पात्रको नाम नभएर शोर, बुढो-बुढो शोर, बुढो, तेस्रो जस्ता अप्रत्यक्ष रुपमा पात्र प्रयोग गर्नु प्रयोगशील हो । यस कथामा 'म' पात्रको प्रमुख भूमिका रहेको छ । 'म' वर्गीय स्थिर पात्र हो । राष्ट्रिय भावनाले ओतप्रोत भएको पात्र गौण रहेका छन् ।

## परिवेश

प्रस्तुत कथाको परिवेश गान्तोकको सेरोफेरोमा रहेको छ। कथामा टिष्टा नदीको किनार र डाँकबङ्गलाको मजदुरहरुको कोठा स्थानगत परिवेशको रुपमा आएको छ भने कालगत परिवेशलाई हेर्दा म पात्रले चार वर्ष पहिलेको घटनाको स्मरण गरेको पाइन्छ भने कथामा वर्णन गरिएको अर्थात् खिर पकाउन सुरु गरेदेखि पाकेर खाँदासम्मको समय समेटिएको पाइन्छ । त्यसैगरी वातावरणअन्तर्गत, टिस्टा नदीका छेउमा बढइ राज, रङ्गवाला र कुल्लीहरुको आर्थिक र दयनिय अवस्था परिवेशको रुपमा लिइएको छ ।

## उद्देश्य

आयामेली कथा खिरमा जीवनको आदर्श र यथार्थबिचको द्वन्द्वलाई देखाइएको छ। कथामा खिर पकाउँदा आफूले सोचेजस्तो खिर तयार नभएको, वर्णनगर्दा आदर्श खिरको वर्णन गरिएको यथार्थमा खिर त्यस्तो बन्न नसकेको वर्णन गर्दै खिरलाई जीवनसँग तुलना गरिएको छ। खिरलाई स्वादिष्ट र बनाउन विभिन्न मरमसालाको प्रयोग गर्दा पनि भनेजस्तो मिठो हुँदैन त्यसैगरी जीवनलाई राम्रो बनाउने र भोग्ने प्रयास गरेपनि भनेजस्तो गरी बाँच्न सकिँदैन भन्ने कुरालाई कथामा देखाइएको छ। त्यसैगरी मानिस सधैँ आदर्श जीवन जिउन चाहन्छ तर ऊ सधैँ अभाव र कामचलाउमा नै बाँच्न बाध्य हुन्छ भन्ने जीवनको निस्सारतालाई कथामा देखाइएको छ ।

यस कथामा कथाकारले जीवनलाई टिस्टा नदीसँग तुलना गरेका छन्। जसरी टिस्टा नदी बाङ्गोटिङ्गो भएर बगेको छ, ठिक त्यस्तै जीवन पनि अगाडि बढेको हुन्छ तर मानिसहरु यस कुरालाई सहजै स्विकार्न सक्दैन भन्ने आयामेली दृष्टिकोण कथाकारले व्यक्त गरेका छन् । टिस्टा जसरी बगेको छ त्यो टिस्टाको आदर्श यात्रा हो त्यसरी नै जीवनको बन्धनहीन यात्रालाइ स्विकार्नु पर्छ भन्ने सन्देश दिनु नै यस कथाको मूल उद्देश्य रहेको पाइन्छ। जेजति सामानले आदर्श खिर तयार हुन्थ्यो तर त्यसभन्दा थोरै सामानले कामचलाउ खिर बनाए जस्तै, जस्तो जीवन आदर्श जीवन हुनसक्छ । त्यसभन्दा थोरै, पुगनपुग, लगभग, भरथेग र काम चलाउनै गुजारा गर्न र सन्तोष गर्न बाध्य हुनुपर्दछ यही नै जीवनको बाध्यता र विवशता हो, यही जीवनको यथार्थ हो र यो आदर्श खिर व्यङ्ग्य जसतै हो भन्ने सन्देश दिइएको छ। प्रवासी नेपाली साहित्यकार इन्द्रबहादुर राईको प्रस्तुत कथामा जीवनलाई समग्रमा हेरिएको छ । आदर्शमा बिताएको जीवन सम्पूर्ण हो भन्ने देखाएको छ ।

## भाषाशैली/दृष्टिबिन्दु

आयामेली कथाकार राईको यस कथामा आयोमेली कथा लेखन् प्रवृत्ति रहेको छ । कथामा बढ्ता बेलुका, तितो करायो, करडहरु, कोरिएको जस्ता विशिष्ट

पदावलीको प्रयोग गरेका छन् । यस्ता पदावलीहरुले जीवनको गहिराइ र यथार्थतालाई देखाएको पाइन्छ ।

कथामा विशिष्ट पद पदावली वाक्यगठनका साथै विभिन्न विम्ब तथा प्रतीकको प्रयोगले कथा उत्कृष्ट बन्न पुगेको छ । आयामेली कथा लेखन प्रवृत्तिमा लेखिएको यस कथाको भाषाशैली निकै जटिल प्रवृत्तिको बन्न पुगेको छ । प्रथम पुरुष/आन्तरिक दृष्टिबिन्दुमा रचना गरिएको यस कथामा 'म' पात्रले घटनाको पूर्वस्मरण गरिएकोले कथा संस्मरणात्मकशैलीमा लेखिएको पाइन्छ ।

## निष्कर्ष

इन्द्रबहादुर राईको *कथास्था* (२०३८) कथासङ्ग्रहमा सङ्गृहीत 'खीर' कथा दार्जिलिङकै सेरोफेरोमा आधारित निम्नवर्गीय प्रवासी नेपालीहरुको कथाव्यथा समेटिएको कथा हो । लीलालेखन हुँदै आयामेली आन्दोलनका सशक्त प्रतिभा राई नवीन प्रयोगात्मक शैलीशिल्पको प्रयोग गरी विशिष्ट र हृदयसंवेद्य कथाहरु लेख्दछन् । कलकत्ता विश्वविद्यालयका अङ्ग्रेजी विषयका प्रोफेसर राई नेपाली साहित्यका विशिष्ट प्रतिभा हुन् । प्रस्तुत खिर कथामा खिर पकाउँदाको अवस्थादेखि खिरको वासना, स्वाद आदिलाई व्यक्तिले आआफ्नै किसिमले अर्थ्याउने उल्लेख गर्दै जीवन सोचेजस्तो वा आदर्शमय नभई यथार्थ भोगेको जीवन टिस्टा नदीजस्तै बाङ्गोटिङ्गो हुँदै जाने मार्मिक प्रतीकात्मक भाषाबाट जीवनबोध गराएका छन् । प्रवासी नेपालीहरुका सङ्घर्ष र कथाव्यथालाई यथार्थरुपमा देखाउन प्रस्तुत कथा सफल छ ।

## सन्दर्भसूची

अधिकारी हेमाङ्गराज (२०४३), पूर्वीय समालोचना सिद्धान्त, ते.सं., ललितपुर : साझा प्रकाशन ।

आचार्य, डा.कुश्मिला (२०७४) नेपाली आख्यान र नाटक, कीर्तिपुर काठमाडौँ, इन्टेलेक्चुअल बुक प्यालेस ।

ढुङ्गेल भोजराज, दाहाल दुर्गाप्रसाद (२०६७), नेपाली कथा र उपन्यास काठमाडौँ, एम.के. पब्लिसर्स एन्ड डिष्ट्रिब्युटर्स ।

तिमिल्सिना हरिप्रसाद (२०७४) समदृष्टि, नेपालगन्ज, भेरी साहित्य समाज केन्द्रिय समिति ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा) (.........), *नेपाली बृहत् शब्दकोश,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

राई, इन्द्रबहादुर (२०३८), *कथास्था,* दार्जिलिङ : नेपाली साहित्य परिषद् ।

श्रेष्ठ, दयाराम (२०७०), *नेपाली कथा र कथाकार,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।